का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० माघ २०८०,
बुधबार
24 January 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३५० । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

# विमानस्थलको जिम्मा विदेशीलाई दिने तयारी





"चार वटा विमानस्थललाई नै बण्डलिङ गर्ने र त्यसले निश्चित समयभित्र नयाँ एयरपोर्ट पनि बनाउनेछ । सुरक्षाको प्रबन्ध नेपाल सरकारले गर्छ । अरु पीपीपी मोडलबाट सञ्चालन गर्न हामी अध्ययन गर्दैछौं ।"

■ **सुदन किराती**, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री



"विमानस्थलको व्यवस्थापन करारमा दिने कुरा गलत छ । भोलि सिंहदरबारको ट्वाइलेट राम्रो छैन । अब करारमा दिउँ भनेर विदेशी ल्याउने ?"

**प्रेम सुवाल**, सांसद, नेमकिपा

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ९ माघ ।

सरकारले निजगढसहित चार अन्तर्राष्ट्रिय विमानस्थललाई पीपीपी (पब्लिक प्राइभेट पार्टनरसीप)मोडलमा सञ्चालन गर्न दिने तयारी गरेको छ । यसका लागि अध्ययन सरकाररले अध्ययन गरिरहेको बताउँछन् संस्कृति पर्यटन तथा नागरिक उड्यनमन्त्री सुदन किराती ।

भैरहवा, पोखरा विमानस्थलको व्यवस्थापन फरक फरक संस्थालाई दिँदा समन्वय गर्न सहज नभएको भन्दै उनले भनेका छन्, 'चार वटालाई नै बण्डलिङ गर्ने र त्यसले निश्चित समयभित्र नयाँ एयरपोर्ट पनि बनाउने । सुरक्षाको प्रबन्ध नेपाल सरकारले गर्छ । अरु पीपीपी मोडलबाट सञ्चालन गर्न हामी अध्ययन गर्देछौं ।'

अरु देशका ठूला विमानस्थलहरु पनि पीपीपी मोडलबाटै सञ्चालन भइरहेको उनले बताए । 'जहाँसम्म नेपालमा सुरक्षाको प्रश्न देखाइन्छ, त्यो पुरानो कुरा हो । सबभन्दा थ्रेट त नेपाललाई भन्दा दिल्लीलाई छ नि । दिल्ली त चलाइराखेका छन् । सिंगापुर पनि त्यसरी नै चलेका छन्' मन्त्री किरातीले भने । यसबारे मन्त्री वा मन्त्रालय तहबाट निर्णय गर्ने नभई राष्ट्रिय सहमति खोज्नुपर्ने उनको भनाइ रहेको छ ।

*प्रचलित ऐनले नेपालभित्र विमानस्थल निर्माण, सञ्चालन तथा व्यवस्थापनको जिम्मा विदेशीले पाउन सक्दैन । आवश्यक परे ऐन नै संशोधन गर्ने गरी सरकारले विमानस्थलको व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई त्यो पनि विदेशी समेत आउने गरी दिने सम्बन्धमा छलफल अघि बढाएको हो ।*

मंगलबार अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिले नेपाल वायुसेवा निगमको जहाजमा देखिएको समस्याबारे छलफल गर्न संस्कृति पर्यटन तथा नागरिक उड्ययनमन्त्री सुदन किराँतीलाई बोलाएको थियो । तर छलफलका क्रममा सांसदहरुले विमानस्थल सञ्चालन तथा व्यवस्थापनमा ठेक्काबारे चासो राखे ।

एकीकृत समाजवादीका अध्यक्ष एवम पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले विमानस्थल सञ्चालन तथा व्यवस्थापनको ठेक्का निजी क्षेत्रलाई दिन लागेको हो भनेर सोधेका थिए । नेकपा एमाले सांसद दामोदार बैरागी पौडेलले विमानस्थलको व्यवस्थापन सरकारले गर्ने कि ठेक्कामा दिने भनेर प्रश्न गरेका थिए ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) सांसद प्रेम सुवालले विमानस्थल व्यवस्थापनको जिम्मा अरुलाई दिनु गलत भएको बताए । 'विमानस्थलको व्यवस्थापन करारमा दिने कुरा गलत छ । भोलि सिंहदरवारको ट्वाइलेट राम्रो छैन् । अब करारमा दिउँ भनेर विदेशी ल्याउने ?' उनले प्रश्न गरे ।

सांसदहरुले उठाएको प्रश्नको जवाफ दिने क्रममा पर्यटनमन्त्री किराँतीले निजगढसहित चार वटा अन्तर्राष्ट्रिय विमानस्थललाई एउटै प्याकेजमा सञ्चालन तथा व्यवस्थापन गर्न दिने विषयमा अध्ययनको तयारी भइरहेको बताएका हुन् ।

पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल बनाएपनि नियमित अन्तराष्ट्रिय उडान हुन सकेको छैन । एउटामात्र विमानस्थल निजी क्षेत्रको जिम्मा लगाउँदा अस्वस्थ प्रतिस्पर्धा हुनसक्ने भएकाले चार वटालाई एउटै प्याकेजमा राख्न खोजेको उनले बताए ।

यसका लागि सरकारले कानुन संशोधनको मस्यौदा गर्दैछ । नेपाल नागरिक >>> पृष्ठ २ मा

## चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लागनबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## औषधि खर्च पाउने बिरामी पहिचानमै समस्या

**शिव विक/मध्यान्ह**
काठमाडौं, ९ माघ ।

मासिक ५ हजार औषधि खर्च पाउने मिर्गौला, क्यान्सर र मेरुदण्ड पक्षघातका बिरामीको पहिचानमै समस्या भएएको पाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा.रोशन पोखरेलका अनुसार अझै देशभरका सबै स्थानीय तहबाट बिरामीको संख्या यकिन नहुँदा समस्या भएको हो ।

उनका अनुसार हालसम्म २८२ वटा स्थानीय तहका बिरामीले उक्त रकम पाएका छन् । बाँकी एक सय स्थानीय तहमा बिरामीको पहिचानका लागि यसै चालु आवमाम २५ करोड पठाइएको छ । यससँगै यो सेवा ३८२ तहका बिरामीले पाउने भएका छन् भने बाँकी ३७१ पालिकाका बिरामी भने अझै पनि सरकारले उपलब्ध गराउने यो सेवाबाट बञ्चित छन् । डा. पोखरेल भन्छन्, 'बाँकी ३७१ स्थानीय तहले अझै हामीलाई पाँच हजार पाउने बिरामीहरुको संख्याको रिर्पोट नदिनुभएको हुनाले उहाँहरुको पैसा दिन सकेका छैनौं ।'



"स्थानीय तहहरुलाई औषधि उपचार खर्च पाउने नागरिकको सूचीका लागि ताकेता गरिरहेका छौं ।"

**डा.रोशन पोखरेल**
**सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

२०७८ चैतमा सरकारले मिर्गौला, क्यान्सर र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि खर्चबापत मासिक पाँच हजार उपलब्ध गराउने निर्णय गरेको थियो । मिर्गौला रोगीमध्ये डायलाइसिस गराइरहेका र मिर्गौला प्रत्यारोपण गरेकाले यस्तो रकम पाउँछन् ।

बाँकी स्थानीय तहलाई यस्तो औषधि उपचार खर्च पाउने नागरिकको सूचीका लागि ताकेता गरिरहेको स्वास्थ्य सचिव पोखरेलले बताए । साथै, सचिव पोखरेलले क्यान्सरका बिरामीलाई उपचार खर्च दिने विषयमा प्रदेश सरकारहरुका बीचमा होडबाजी चलेको पनि बताए । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# स्रोत मुलुकहरुसँगको श्रम सम्झौता पुनरावलोकन गर्दै मलेसिया

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, ९ माघ

मलेसियाले स्रोत मुलुकसँगको द्विपक्षीय श्रम सम्झौता पुनरावलोकन गर्ने बताएको छ । मलेसियाले हाल थाइल्याण्ड, कम्बोडिया, नेपाल, म्यानमार, लाओस, भियतनाम, फिलिपिन्स, पाकिस्तान, श्रीलंका, बंगलादेश, तुर्केमेनिस्तान, उज्वेकिस्तान, काजाकिस्तान, भारत र इन्डोनेसियाबाट विदेशी कामदार लैजाने गरेको छ । हाल मलेसियामा कार्यरत विदेशी कामदारको ७७ प्रतिशत हिस्सा बंगलादेशी, इन्डोनेसियाली र नेपाली कामदारको रहेको छ ।

मलेसियाका गृहमन्त्री सैफुद्दिन नासुशन इस्माइलले केही क्षेत्रमा जनशक्तिको राम्रो वितरण सुनिश्चित गर्न विदेशी कामदार भर्नासम्बन्धी १५ स्रोत देशसँग गरेको सम्झौता पुनरावलोकन गर्ने अवस्था देखिएको बताएका छन् ।

गत जनवरी १६ तारिकमा मलेसियाका गृहमन्त्री र मानव संशाधन मन्त्रीले विदेशी कामदारको रोकिएको एप्रुभलका बारेमा छलफल गरेका थिए । छलफलमा प्लान्टेशनबाहेक सबै क्षेत्रमा विदेशी कामदार पर्याप्त देखिएकाले स्रोत मुलुकसँगको समझदारीपत्रमा पुनर्विचार गर्नुपर्ने आवश्यकता देखिएको उनले बताए । गृहमन्त्री सैफुद्दीनले समझदारीपत्रमा कामदारको भर्ना शुल्क, लागत र स्वास्थ्य सेवालगायतका विषयमा जोड दिइने बताए ।

उनले समझदारीपत्र स्थिर सम्झौता नभएको भन्दै स्रोत देशहरूसँगको समझदारीपत्रमा पुनरावलोकन गरिने बताए । उनले मलेसियाको मन्त्रिपरिषद्बाट स्वीकृति पाएपछि आफ्नो मन्त्रालयले १५ देशसँग सम्पर्क गर्ने बताए । गत मार्चमा उपप्रधानमन्त्री फडिल्लाह युसुफले प्लान्टेशन क्षेत्रमा रहेको विदेशी कामदार अभावको समस्या ८० प्रतिशत समाधान भएको बताएका थिए । मलेसियामा सारावाक जस्ता केही भागमा भने श्रमिक अभाव चुनौतीपूर्ण रहेको बताइएको छ । गृहमन्त्री सैफुद्दिनले प्लानटेशन र कृषि जस्ता क्षेत्रमा विदेशी कामदारको अभाव हटाउन रोजगारदाताहरूलाई कोटा स्थानान्तरण गर्न अनुमति दिने तयारीअनुसार विभिन्न मन्त्रालयका बीचमा गठित संयुक्त समितिले त्यसका लागि काम गरिरहेको बताएका छन् ।

### भिजिट तथा पर्यटक भिसाबारे नयाँ प्रावधान

**काठमाडौं/मस–** सरकारले भिजिट तथा पर्यटक भिसाबारे नयाँ प्रावधान तय गरेको छ । सरकारले यसबारे नयाँ कार्यविधि जारी गरेको छ । अध्यागमन विभागले यसअघिका निर्णयमा रहेका प्रावधानहरू प्रष्ट पार्दै भिजिट भिसामा विदेश जाँदा आवश्यक पर्ने कागजातहरुको सूची सार्वजनिक गरेको छ ।

माघ १० अर्थात मंगलबारदेखि लागू हुने नयाँ व्यवस्थाअनुसार भिजिट भिसामा जानेको कम्तीमा ६ महिनाको अवधि भएको राहदानी, दुईतर्फी हवाई टिकटसहित भ्रमण अवधिभर होटल बुकिङ वा आफन्तसँग रहने भएमा एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने नागरिकता प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्र देखाउनुपर्ने व्यवस्था गरिएको छ ।

त्यस्तै साउदी अरेबिया, संयुक्त अरब इमिरेटस्, बहराइन, कुवेत, कतार, ओमान र बहराइनमा भिजिट भिसामा जाँदा भ्रमण गर्दा अलपत्र परेमा जिम्मेवार हुनेछु भन्ने स्वःघोषणा फारम भर्नुपर्ने व्यवस्था छ । सरकारी तथा गैरसकारी संस्थाको निमन्त्रणामा हुने भ्रमणमा कम्तीमा पाँच सय अमेरिकी डलर बराबरको नगद >>> पृष्ठ २ मा

# बदलिएका सिके राउत

कि सरकार चलाएर कि खरो प्रतिपक्ष भएर मधेशमा राजनीति गर्ने ध्येय राउतमा देखिन्छ । यसका लागि डा.राउतले संघीय सत्ता गठबन्धनलाई समेत कि उपेन्द्र यादवसँग कि आफूसँग सहकार्य गर्न राजनीतिक सन्देश दिएका हुन् ।

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ९ माघ ।



जनमत पार्टी मधेश प्रदेश सरकारबाट बाहिरिएको छ । जनता समाजवादी पार्टी (जसपा)का नेतृत्वमा रहेको मधेश प्रदेश सरकारलाई दिएको सर्मथन फिर्ता लिँदै जनमत पार्टीले सरकार छाडेको हो ।

जनमतका तर्फबाट प्रदेश सरकारमा जनमत पार्टी प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादव शिक्षा तथा संस्कृति मन्त्री थिए । जनमतका चन्दन सिंह श्रम तथा यातायातमन्त्री थिए । सरकारमा सहभागी भएदेखि नै जसपा र जनमत पार्टीबीच मतभेद थियो । मतभेद बढ्दै गएका बेला मंगलबार जनमतले सरकार छाडेको हो ।

नेताहरुका अनुसार जनमतले सत्ता गठबन्धनलाई कि आफूलाई रोज्न कि जसपालाई रोज्न आग्रह गरेका छन् । तर, जनमत पार्टीले जसपासँगको साझेदारी तोडेको घोषणा गरेको छ । यस राजनीतिक कदमबाट डा.सिके राउत बदलिएको देखिने नेताहरु बताउँछन् । कि सरकार चलाएर कि खरो प्रतिपक्ष भएर मधेशमा राजनीति गर्ने ध्यय राउतमा देखिन्छ । यसका लागि डा.सिके राउतले संघीय सत्ता गठबन्धनलाई समेत कि उपेन्द्र यादवसँग कि आफूसँग सहकार्य गर्न राजनीतिक सन्देश दिएका हुन् ।

राउत मधेशमा किसानका विषय, पछाडि परेका समुदायका अधिकारको कुरा गर्दै उदाएका नेता हुन् । उपेन्द्र यादव समग्र मधेशको अधिकारको माग गर्दै मधेश आन्दोलनबाट उदाएका नेता हुन् । मधेश प्रदेशमा केन्द्रित रहेर राजनीति गर्दै आएका उपेन्द्र यादवलाई पन्छाएर सिके राउत अगाडि बढ्न खोज्दैछन् । ४ मंसिर २०७९ को चुनावमा सप्तरी २ बाट राउतले यादवलाई हराएका थिए । त्यसपछि नै राउत मधेशमा आफ्नो पकड जमाउने कोसिसमा छन् । राउतले सप्तरीबाट हराएता पनि उपेन्द्र यादव अर्को क्षेत्रमा भएको बारा २ मा भएको उपनिर्वाचनबाट पुनः संसदमा छिरेका छन् ।

अब संघीय सरकारमा उपप्रधानमन्त्री सहित उपेन्द्र यादव जाने तयारीमा >>> पृष्ठ २ मा

# सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयकमा मन्त्रालयले माग्यो सुझाव



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले 'सामाजिक सञ्जाल (प्रयोग तथा नियमन) ऐन, २०८०' सम्बन्धी विधेयकमाथि सुझाव मागेको छ। सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित प्रयोग गर्न तथा सामाजिक सञ्चालको दुरुपयोगको कारण व्यक्ति र समाजमा पर्नसक्ने नकारात्मक प्रभावलाई निरुत्साहित गर्न ऐन ल्याउन लागेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार र जवाफदेही बनाइ सामाजिक सञ्जालको सञ्चालन, व्यवस्थापन तथा नियमन गरिने ऐनमा उल्लेख छ। सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रमा दर्ता हुनुपर्ने ऐनमा राखिएको छ। साइबर बुलिङ वा अनलाइन बुलिङ गर्न नहुने, बेनामी वा फेक आइडी बनाउन र प्रयोग गर्न नहुने सामाजिक सञ्जालमा सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने कार्य गर्न नहुने, महिलालाई हानी पुऱ्याउने सामग्री प्रकाशन वा प्रसारण गर्न नहुने, कसैको आइडी तथा सूचना ह्याक गर्न नहुने र अनुमतिबिना एकको तस्वीर अर्कोलाई दिन वा बिक्री गर्न नपाइने जस्ता सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नुपर्ने शर्तहरु रहेका छन्। मन्त्रालयले बनाउन लागेको विधेयकमाथि ष्लाय२ ५यअष्तानयखालउ मार्फत माघ १५ सम्म राय तथा सुझाव दिन सकिनेछ।

# ईशनाथमा निःशुल्क आँखा शिविर दुई सय बढीमा मोतियाविन्दु




**राकेश यादव/मध्यान्ह**
रौतहट, ९ माघ

रौतहटको ईशनाथ नगरपालिकामा निःशुल्क आँखा शिविर शुरू भएको छ। फ्रेड हलोज फाउण्डेशनको सहयोग, राजपुर, परोहा र बौधिमाई नगरपालिकाको सहकार्य र तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं र ईशनाथ नगरपालिकाको संयुक्त आयोजनामा ११ दिवसीय निःशुल्क आँखा शिविरको शुभारम्भ भएको हो।

जनता माध्यमिक विद्यालय औरैया र आधारभूत विद्यालय बंजरहामा मंगलबार निःशुल्क शिविरको नगर प्रमुख कौशल्या देवी र उपप्रमुख परबेज आलम संयुक्त रुपमा उद्घाटन गरेका छन्।

आँखामा लाग्ने रोग मोतियाविन्दुको परीक्षण गरी निःशुल्क शल्यक्रिया गर्ने उद्देश्यले वृहत्त शिविरको आयोजना गरिएको ईशनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भूदेव झाले बताए।

माघ ९ गतेदेखि सञ्चालन भएको शिविर ११ गतेसम्म ईशनाथ नगरपालिकामा तथा माघ १२ गते परोहा नगरपालिका, १३ गते बौधिमाई नगरपालिका र १४ गते राजपुर नगरपालिकामा सञ्चालन हुने कार्यक्रम रहेको छ।

शिविरमा चेकजाँचको क्रममा पुष्टि हुने मोतियाविन्दु बिरामीलाई माघ १६ गते देखि १८ गतेसम्म जनता माध्यमिक विद्यालय औरैयामा निःशुल्क शल्यक्रिया गरिने प्रमुख प्रशासकीय अधिकृत झाले जानकारी दिए। औरैया र बंजरहामा आयोजना गरिएको शिविरमा २ सयभन्दा बढी मोतियाविन्दु भएका बिरामी परीक्षण गरिएको आयोजक संस्थाले जनाएको छ। सात सय मोतियाविन्दुका बिरामीलाई शल्यक्रिया गरिने लक्ष्य रहेको छ। गाउँमा आँखाको परीक्षण हुने तथा शल्यक्रिया हुने भएकोले हर्षित भएको स्थानीयहरुले बताएका छन्। शिविरमा आँखा परीक्षण गराउनेको सहभागिता उल्लेखनीय रुपमा बढेको देखिएको छ।

# शहीद सप्ताह शुरु



**काठमाडौं/मस–** आजदेखि शहीद सप्ताहका कार्यक्रम शुरु हुने भएको छ। शहीद सप्ताह मूल समारोह समितिले आजदेखि कार्यक्रम सञ्चालन गर्नेछ। कार्यक्रमका बारेमा जानकारी दिन विज्ञप्ति जारी गर्दै महानगरपालिकाका प्रवक्ता नविन मानन्धरले, शहीदहरुको स्मृतिमा उनीहरुको योगदानको सम्मान गर्दै आयोजना गरिने कार्यक्रममा सहभागी हुन सर्वसाधारण सबैमा आग्रह गरेका छन्।

नागरिक स्वतन्त्रताका लागि राजनीतिक संघर्षका क्रममा वि. सं. १९९७ सालमा पक्राउ परेका ४ सहिद शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दसहित विभिन्न समयका राजनीति आन्दोलनमा सहादत प्राप्त गर्ने योद्धाहरुको स्मरण तथा सम्मानमा शहीद सप्ताहका कार्यक्रम मनाउने गरिएको छ।

शासकसामु माफी मागेर झुक्नुभन्दा प्रजातन्त्रकालागि ज्यान सजाय स्वीकार गरेका सहिदहरुको स्मृतिमा वि. सं. २०१२ सालदेखि विद्यमान महानगरको संयोजकत्व गठित मूल समारोह समितिले शहीद सप्ताहका कार्यक्रम आयोजना गर्दै आएको छ। यस वर्ष काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) को अध्यक्षतामा गठित मूल समारोह समितिमा उपप्रमुख सुनिता डंगोल, वडा नं. १२ का अध्यक्ष एवं वातावरण समितिका संयोजक बालकृष्ण महर्जन, वडा नं. ७ का अध्यक्ष बिमलकुमार होडा, वडा नं. १५ का अध्यक्ष एवं वित्त समितिका संयोजक ईश्वरमान डंगोल र वडा नं. २६ का अध्यक्ष एवं सुशासन समितिका संयोजक ख्यामराज तिवारी सदस्य छन्। समितिको सदस्य सचिवमा प्रमुख प्रशासकीय अधिकृत छन्।

सप्ताहको पहिलो दिन आज शुक्रराज शास्त्रीले सहादत प्राप्त गरेको स्थान, टेकु मचलीमा, दोस्रो दिन १३ गते धर्मभक्त माथेमालाई मृत्युदण्ड दिएको स्थान सिफल उकालोमा र १५ गते विष्णुमती नदी किनारा शोभा भगवतीमा गंगालाल श्रेष्ठ र दशरथ चन्दले सहादत प्राप्त गर्नुभएको स्थानमा स्मृति सभा हुनेछ। यी स्थानहरुमा महानगरपालिकाले सहिदहरुको पूर्ण कदको सालिक निर्माण गरेको छ। यस्तै माघ १६ गते शान्तिबाटिकाबाट प्रभातफेरी शुरु गरेर लैनचौर शहीद पार्कमा ज्ञात अज्ञात सहिदहरुको स्मृतिमा सभा हुनेछ।

विज्ञप्तिमा भनिएको छ, 'प्राणदण्ड हुनसक्छ भन्ने जान्दाजान्दै नागरिक स्वतन्त्रताका पक्षमा निर्भीक भएर आवाज उठाउने शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दले १९९७ सालमा मृत्युदण्ड पाएपछि उहाँहरुको सपना स्मरण गर्दै शहीद दिवस मनाउन थालिएको हो। जेल सजाय भोगिरहेकै बेला राणा शाशन विरुद्ध देश विदेशमा भएका भूमिकामा नाइके भएको आरोप लगाएर शास्त्रीलाई १९९७ साल माघ १० गते टेकु मचलीस्थित खरिबोटमा र १३ गते धर्मभक्त माथेमालाई सिफल उकालो बकाइनाका रुपमा झुण्ड्याएर प्राणदण्ड दिइएको थियो। माघ १५ गते शोभा भगवती किनारामा गंगालाल श्रेष्ठ र दशरथ चन्द एकले अर्कालाई देख्ने गरेर गोली हानेर कायल गराउन खोजिएको थियो। ज्यानको माया गरेर कायल हुनुभन्दा प्रजातन्त्रका लागि गोली खान तयार भएका उहाँहरुलाई पहिले घुँडाभन्दा तल गोली हानिएको थियो। त्यति गर्दा पनि कायल नभएपछि पछि ज्यान जाने गरी गोली ठोकिएको थियो।'

त्यस वर्षको माघ ७ गते सिंहदरबारमा तत्कालिन राजा त्रिभुवन र तत्कालिन प्रधानमन्त्री जुद्धशमसेरसहितको इजलासले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्द र पूर्णनारायण प्रधान गरी ५ जनालाई सर्वस्वसहित ज्यान सजायको फैसला सुनाइएको थियो। पछि पूर्णनारायणको सजायलाई आजन्म कैदमा परिवर्तन गरियो।

त्यसपछि प्रजातन्त्र र लोकतन्त्र प्राप्तिका लागि भएका राजनीतिक आन्दोलनहरुमा धेरै व्यक्तिहरुले सहादत प्राप्त गरेका छन्। उनीहरुको सबैको योगदानलाई सप्ताहका कार्यक्रममा सम्झना गर्ने तथा कदर स्वरुप स्मृति सभा गर्ने गरिएको छ।

# ५३ तोला चाँदीसहित २ जना पक्राउ

**काठमाडौं/मस–** बारा जितपुर सिमरा उपमहानगरपालिका-१ पथलैया चोकबाट करिब १ लाख १३ हजार १ सय ७० रूपैयाँ बराबरको ५३ तोला चाँदीका विभिन्न गरगहनासहित २ जना पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा सुनसरी धरान उपमहानरपालिका-५ बस्ने ३५ वर्षीय गुजराज वि.क र इटहरी नगरपालिका-३ बस्ने २४ वर्षीय बद्री वि.क रहेका छन्। प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरीले वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र.०२-०२७ प १८५१ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा फर्जी विल भएको उक्त गरगहनासहित फेला पारी स्कुटरमा सवार उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूको साथबाट चाँदीको लकेट २२ थान, औंठी ३३ थान, मंगलशुत्र १८ थान, कानको टप २६ थान र गणेश लकेट ७० थान बरामद भएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

यसैबीच ललितपुर महालक्ष्मी नगरपालिका-४ इमाडोलस्थित शम्भु विश्वकर्माको स्नेहा सिल्भर कारखानाबाट ३ किलो २०७.६ ग्राम चाँदी चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सिन्धुपाल्चोक इन्द्रावती नगरपालिका-९ फटकसिला घर भइ हाल ललितपुर इमाडोल बस्ने २५ वर्षीय अनिल बराईली रहेका छन्। उनलाई प्रहरीले सोमबार पक्राउ गरेको हो। साथै उक्त चोरी भएको चाँदी खरिद गर्ने ललितपुर महानगरपालिका-१२ मंगलबजार बस्ने शिवली ज्वर्लसका सञ्चालक ५४ वर्षीय राजन शाक्यलाई समेत प्रहरीले पक्राउ गरेको छ।

## विमानस्थलको...

उड्ययन प्राधिकरणले पीपीपी मोडेलमा लैजान कुन-कुन कानुनमा परिवर्तन आवश्यक छ भन्ने पहिचान गरेर मन्त्रालय पठाएको छ।

नागरिक उड्ययन प्राधिकरण ऐन-२०५३ ले देशभित्र विमानस्थल निर्माण, सञ्चालन तथा व्यवस्थापन जिम्मा उड्यन नियामक प्राधिकरणलाई दिएको छ। यो ऐनले बिदेशीलाई विमानस्थलको व्यवस्थापनको अधिकार दिन सकिँदैन्। ऐन विपरित सरकारले विमानस्थलको व्यवस्थापन निजी क्षेत्रलाई दिने तयारी गरेको हो। विरोध नहोस् भन्नका लागि सरकारले ऐन संशोधनकै प्रक्रिया समेत अगाडि बढाउन खोजेको हो।

## औषधि...

कोशी प्रदेशले, बागमती प्रदेश, लुम्बिनी प्रदेशले क्यान्सरका बिरामीलाई थप रकम दिने भनेको उल्लेख गर्दै उनी भन्छन्, 'यस्ता कार्यक्रमहरु केन्द्रको दायीत्व हो कि होइन ? कि नीतिगत निर्णय गरेर सबैमा बढाइदिऔं राज्यले धान्न सक्ने हो भने। केन्द्रले सहयोग दिन राज्यले धान्न नसक्ने र प्रदेशले दिंदा राज्यले धान्न सक्ने भनियो भने त अर्को कुरा आयो।'

## बदलिएका...

रहेको समाचारहरु आइरहेका बेला डा. राउतले मधेशमा भएका गतिविधिमार्फत उपेन्द्र यादवसँगको सहकार्यका विषयमा संघीय सत्तागठबन्धनलाई समेत सोच्न राजनीतिक सन्देश दिने गरी आफूलाई प्रस्तुत गरिरहेका छन्।

राजविराजमा मधेश कृषि विश्वविद्यालयको शिलान्यास गर्न जसपा अध्यक्ष यादव गएपछि जनमत पार्टीका कार्यकर्ताले अवरोध गरेका थिए। जनमत पार्टीको विरोधकाबीच राजविराजमा मधेश कृषि विश्वविद्यालयको जसपा अध्यक्ष यादवले शिलान्यास गरे। त्यसको भोलिपल्टै जनमत पार्टीले मधेश सरकार छाडेको हो।

नेताहरुका अनुसार मधेशमा जसपाले एक वर्ष सरकार चलाउने र बाँकी चार वर्षमध्ये जनमत पार्टी र कांग्रेसले दुई/दुई वर्ष सरकार चलाउने सहमति छ। सहमति अनुसारको समय पूरा हुन लागेको सन्दर्भ समेतलाई ख्याल गरेर जनमत पार्टी सरकारबाट बाहिरएको हो।

## भिजिट...

सटही भएको प्रमाण देखाउनुपर्ने व्यवस्था गरिएको छ। अध्यागमन विभागले सेटिङको नाममा बिचौलियाहरुलाई रकम बुझाएर विदेश नजान र भिजिट वा पर्यटकीय भिसामा गएर रोजगारी नगर्न आग्रह गर्दै ट्राभल्स एड्भाइजरी सार्वजनिक गरेको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०६/०८ मा दर्ता भएको **प्रा.लि.नं. ७६४०३** को **एल.पि.जि. सुरक्षा ट्रेडर्स प्रा.लि.** को मिति २०८०/१०/०९ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०२/११ मा दर्ता भएको **प्रा.लि.नं. २९१०६३** को **छात्राबास सोलुशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०/१०/१०**

**तारकेश्वर इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा.लि.** को मिति २०८०/०९/२३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **क्यापस्टोन होल्डिङ्गस प्रा.लि. (प्रा.लि. नं.: १६०८००)** कायम गर्ने गरी मिति २०८०/१०/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: **INTERNATIONAL GROUP OF COMPANY FOR BUILIDING AND AIR CONDITIONG CONTRACTING** शहर: **HAWALLY**
पूर्व स्वीकृत मिति: २०८०/१०/०९ चलानी नं.: ६०२१३६३४ **LT. No.: 298682**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Block Mason | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labor (Out Door) | 10 | 0 | | 100 | ४३,०९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १७ गते (31 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 1210/073/074
**GOLD OVERSEAS PVT. LTD.**
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

**साउदीमा रोजगार**

कम्पनी: **CHOCO BITE TRADING EST**
शहर: **Saudi Arabia, Jeddah**
पूर्व स्वीकृत मिति: २०८०/१०/०८ चलानी नं.: ६०२१३६२८ **LT. No.: 298575**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १७ गते (31 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०
श्रम ईजाजत न.: ७४१/०६४/०६५

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: **KUWAIT WASTE COLLECTION AND RECYCLING CO** शहर: **Kuwait**
पूर्व स्वीकृत मिति: 2024/01/23 चलानी नं.: ६०२१३६३० **LT. No.: 298634**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Camp Boss | 20 | 10 | सम्बन्धित काममा दक्ष | 150 | ६४,६३८ | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/helper | 0 | 150 | | 85 | ३६,६२८ | | | | | | | |
| 3. | Factory Helper (Indoor) | 50 | 0 | | 85 | ३६,६२८ | | | | | | | |

**अन्तर्वार्ता सेन्टर पोइन्ट होटल, विर्तामोड झापामा मिति २०८० माघ १७ गते (31 January 2024) मा हुनेछ।**
**मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १८ देखि २२ गतेसम्म (1 to 5 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

Govt Lic. NO. 647/063/064
**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
**Mobile: 9818550053 | 9801026390 | 9803126395**

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

**प्रकाशित मिति २०८०/१०/१०**

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Led TV | 800*135*500 | HITECH | 32HS3600HD | 32” | India | Pcs | 12,510.46 | 12,510.46 | |
| २. | Led TV | 1060*155*650 | HITECH | 43HS3600FHD | 43” | India | Pcs | 24,540.25 | 24,540.25 | |
| ३. | Led TV | 800*135*500 | ROWA | 32DN7000S | 32” | India | Pcs | 12,510.46 | 12,510.46 | |
| ४ | Led TV | 1060*155*650 | ROWA | 43RS7000FHD | 43” | India | Pcs | 24,540.25 | 24,540.25 | |
| ५ | Led TV | 1060*155*650 | KEC | KEC-43WB518FHD | 43” | India | Pcs | 24,540.25 | 24,540.25 | |
| ६ | Led TV | 1060*155*650 | KEC | KEC-43WB318UHD | 43” | India | Pcs | 24,540.25 | 24,540.25 | |
| ७ | Led TV | 800*135*500 | KEC | KEC-32AS7500HD | 32” | India | Pcs | 12,510.46 | 12,510.46 | |
| ८ | Refrigerator | 540*580*1050 | HITECH | HS-175 LMF | 170 Litre | India | Pcs | 24,350.50 | 24,350.50 | |
| ९ | Refrigerator | 540*580*1050 | HITECH | HS-175 LBF | 170 Litre | India | Pcs | 24,350.50 | 24,350.50 | |

**जे.एन ईण्डस्ट्रीज प्रा.लि.**
**सँतुगल, काठमाडौं**

**स्थायी लेखा नं ६०१८५६५५८**
**फोन नं.९८०१२३५०८०**

# सशस्त्र प्रहरी बलको सीमा विकास कार्यक्रमलाई सरकारले प्राथमिकतामा राख्छः प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सशस्त्र प्रहरी बलको सीमा विकास कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउने प्रतिबद्धता जनाएका छन् ।

सशस्त्र प्रहरी दिवसको २३ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले देशको सुरक्षा र स्वाभिमानका निम्ति सशस्त्रले पुऱ्याएको योगदानबारे आफू जानकार रहेको उल्लेख गर्दै संगठनका कार्यक्रमलाई सरकारले प्राथमिकता दिने बताए । 'सीमा सुरक्षा र व्यवस्थापनका क्षेत्रमा सशस्त्र प्रहरी बलले अगाडि बढाएका कार्यक्रमले विद्यमान समस्या तथा चुनौती सम्बोधन गर्दै देशको स्वाभिमान र सीमा सुरक्षामा गुणात्मक योगदान पुऱ्याउने विश्वास लिएको छु', प्रधानमन्त्री दाहालले भने, 'संगठनले प्रस्ताव गरेका सीमा विकास कार्यक्रमलाई प्राथमिकतामा राखी अगाडि बढाउन सरकार प्रतिबद्ध छ ।'

यस्तै दाहालले सशस्त्र प्रहरी बल, नेपालले २०६४ सालको निर्वाचनमा निभाएको नेतृत्वदायी भूमिका तथा २०७०, २०७४ र २०७९ सालमा सम्पन्न तीनै तहको निर्वाचन निश्पक्ष र शान्तिपूर्ण ढंगले सम्पन्न गराउन खेलेको महत्वपूर्ण भूमिकाप्रति धन्यवाद दिए । २०७२ सालको महाभूकम्प तथा पछिल्लो समय बझाङ, जाजरकोट र रुकुम पश्चिममा गएको बिनासकारी भूकम्पलगायत विभिन्न समयमा घटेका प्राकृतिक तथा मानव सृजित विपदमा कर्तव्यनिष्ठ तथा बहादुरीपूर्वक खटिएर जनताको जीवन रक्षामा पुऱ्याएको योगदानको प्रशंसा गर्दै प्रधानमन्त्री दाहालले भविष्यमा समेत थप प्रभावकारी कार्यसम्पादन गर्ने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री दाहालले नेपालको सीमा सुरक्षार्थ समर्पित फौजको रुपमा हिमालदेखि तराईसम्मका कठिन भौगोलिक तथा वातावरणीय प्रतिकुलताका बाबजुद राष्ट्रसेवाको भावनासहित कार्यक्षेत्रमा परिचालित भएका सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरुको योगदान धेरै नै महत्वपूर्ण रहेको बताउँदै नेपालको सीमा सुरक्षार्थ सशस्त्र प्रहरी बललाई श्रोतसाधनको व्यवस्थापनसहित थप प्रभावकारी रुपमा परिचालन गर्न नेपाल सरकारको तर्फबाट प्रतिबद्धता व्यक्त गरे ।

उनले सशस्त्र प्रहरी बल, नेपाललाई प्राप्त सबै प्रकारका जिम्मेवारीहरुमा अदम्य साहास, इमान्दारिता एवं व्यवसायीक कार्यकुशलताका साथ सम्पादन गरिरहेको कुरा आफू जानकार रहेको बताउँदै सीमा सुरक्षाको साथै राजश्व संकलनमा पुऱ्याएको योगदान, महत्वपूर्ण व्यक्ति तथा संरचनाको सुरक्षा, आन्तरिक सुरक्षा, कानून कार्यान्वयन, देशमा शान्ति सुरक्षा अमन चयन कायम गर्न तथा जनताको जीउधनको सुरक्षा गर्ने कार्यमा पुऱ्याएको योगदानप्रति सम्मान व्यक्त गरे ।

उनले संवैधानिक सर्वोच्चता र कानूनी शासनको मान्यतालाई आत्मसाथ गर्दै राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डताको रक्षा एवं जनताको जीउधनको सुरक्षा गर्न, सामाजिक सद्भाव कायम गर्न एवं नेपाल सरकारबाट प्रदान गरिएका आदेश तथा निर्देशनहरुलाई पालना गरी अनुशासित, नैतिकवान, व्यवासायीक एवं कर्तव्यनिष्ठ भइ अन्य सम्बन्धित निकायहरुसँग सहकार्य र समन्वय गरी कार्यक्षेत्रमा परिचालित हुन विशेष निर्देशन दिए ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले विभिन्न आरोह अवरोह पार गर्दै देश र जनताको भरोसा योग्य सुरक्षा निकायको रुपमा स्थापित सशस्त्र प्रहरी बल नेपालप्रति हार्दिक आभार प्रकट गर्दै सीमा सुरक्षा, विपद् व्यवस्थापन, महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा तथा औद्योगिक सुरक्षाको साथै राजश्व संकलनमा समेत उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको चर्चा गरे । उनले स्वदेशमा मात्र नभइ विदेशको विभिन्न भू-भागमा खटिई देश र संगठनको नाम उच्च राख्न सशस्त्र प्रहरी बल नेपालले खेलेको भूमिका सह्रानिय रहेको बताउँदै संगठनमा आवद्ध राष्ट्रसेवकहरुको लागि उपलब्ध हुने बृत्तिविकास, तालिम, सेवा सुविधा तथा अवसरका वितरण प्रणालीहरुलाई न्यायोचित र वैज्ञानिक बनाइ संगठनको व्यवसायिकता अभिवृद्धि गर्न गृहमन्त्रालय सदैव सकारात्मक रहेको बताए ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले धन्यवादको क्रममा सशस्त्र प्रहरी बल, नेपालले विभिन्न समयमा आइपरेका भिन्न-भिन्न घटनाक्रमहरुमा अदम्य साहास, पराक्रम र बीरता प्रदर्शन गर्दै जनताले चाहे अनुरुपको शान्ति सुरक्षालाई सरोकारको रुपमा ग्रहण गरी राज्यको जिम्मेवार सुरक्षा निकायको रुपमा आफुलाई परिचित गराउँदै आइरहेको बताए ।सशस्त्र प्रहरी बल, नेपालको संचार, इन्ट्रानेट तथा फेसबुकबाट प्रत्यक्ष प्रसारण गरिएको उक्त विशेष समारोहमा प्रतिनिधि सभाका माननीय सदस्यहरु, मुख्य सचिव डा. बैकुण्ठ अर्याल, नेपाली सेनाका प्रधानसेनापति महारथी प्रभुराम शर्मा, प्रदेश सभाका माननीय सदस्यहरु, गृहसचिव दिनेश भट्टराई, संवैधानिक निकायका प्रमुखहरु, प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, काठमाडौं महानगरपालिका उपप्रमुख, अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरु, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु लगायत नेपाल पूर्व सशस्त्र प्रहरी संघका पदाधिकारीहरु एवं सशस्त्र प्रहरी परिवार महिला संघका पदाधिकारीहरु तथा सशस्त्र प्रहरी बल, नेपालका बरिष्ठ अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

**न्यौपाने 'वर्ष जवान-२०८०' घोषित**

सशस्त्र प्रहरी बल नेपाल नम्बर २४ कालिका गण कास्कीका सशस्त्र प्रहरी सहायक हवल्दार विष्णुप्रसाद न्यौपाने 'वर्ष जवान-२०८०' घोषित भएका छन् ।

काठमाडौंको हलचोकस्थित सशस्त्र प्रहरीको प्रधान कार्यालयमा मंगलबार आयोजित '२३औं सशस्त्र प्रहरी दिवस-२०८०' का अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उनलाई 'वर्ष जवान'को ट्याग प्रदान गरे । कार्यक्रममा सशस्त्र प्रहरीको प्रधान कार्यालयबाट भएको केन्द्रीय निरीक्षणका क्रममा देशभरका एकाइबाट यस वर्ष सर्वोत्कृष्ट एकाइ हुन सफल सशस्त्र प्रहरी बलअन्तर्गत विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, नम्बर १९ बंगलामुखी (विशेष कार्यदल) गण काठमाडौं र नम्बर ३ म्याग्लुङ गुल्म तेह्रथुमलाई 'रनिङ अवार्ड' प्रदान गरिएको छ ।महानिरीक्षक अर्यालले संगठनको नाम उच्च राख्न विशिष्ट एवं उल्लेखनीय कार्य गर्ने सशस्त्र प्रहरी बल, नम्बर १ बराह बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेललाई 'एपिएफ सम्मान' प्रदान गरे । उनले संगठनलाई अनुकरणीय योगदान पुऱ्याउने नेपाली सेना, नेपाल प्रहरी, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी, राष्ट्रिय अनुसन्धान विभागका साथै देशभरका सशस्त्र प्रहरी एकाइमा कार्यरत रही विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई कदरपत्रसहित 'आइजी एपिएफ निशान' प्रदान गरे ।

उक्त समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले हलचोकमा रहेको अमर सशस्त्र प्रहरी स्मारकमा पुष्पहार चढाउनुका साथै संगठनका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्व.कृष्णमोहन श्रेष्ठलगायत अमर सशस्त्र प्रहरीप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए । उनले व्यावसायिकता, इमान्दारिता र बफादारितालाई मूलमन्त्र बनाउँदै संगठनमा रहेको प्रणाली र पद्धतिलाई आत्मसात् गर्दै 'चेन अफ कमाण्ड'मा रही संगठनलाई स्थापित गर्ने कार्यमा लाग्न सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशन दिए ।

महानिरीक्षक अर्यालले भने, 'राष्ट्रले जिते हामी सबैले जित्छौं भन्ने मर्मलाई ध्यानमा राखी सबैले कर्तव्य निर्वाह गर्नुपर्छ । गर्न नसकिने भन्ने केही छैन, हामी गर्छौं, म गर्छु भन्ने प्रतिबद्धता हामी सबैमा आउनु आवश्यक छ ।' कर्तव्यपालनाको सिलसिलामा मृत्युवरण गरेका सशस्त्र प्रहरी उपरीक्षक स्व.सुमन थपलियाको स्मृतिमा अक्षय कोष खडा गरी सोबापत प्राप्त हुने ब्याजबाट प्रत्येक वर्ष एक जनालाई वार्षिक रु २५ हजार राशिको 'बेस्ट इन्टिग्रिटी अफिसर अवार्ड' प्रदान गर्ने घोषणाअनुरुप यस वर्ष उक्त अवार्ड सशस्त्र प्रहरी नायब उपरीक्षक प्रदीप राईलाई प्रदान गरिएको थियो । सो अवसरमा कर्तव्य पालनाको सिलसिलमा शारीरिक रुपमा अंगभंग भइ अशक्त अवस्थामा रहेका छ जनालाई एक तह विशेष बढुवा गरिएको छ । यस्तै वार्षिक चाँदमारी प्रतियोगितामा उत्कृष्ट भएका चार जना सशस्त्र प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा सशस्त्र प्रहरी बल नेपालले पहिलोपटक आयोजना गरेको 'राष्ट्रव्यापी खुला कविता प्रतियोगिता' मा उत्कृष्ट १० स्थान हासिल गर्न सफल कविलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।


## Vacancy Annoucement

One of the Leading recruitment agency is seeking for following applicants.

DOCUMENTATION 1(F)
RECEPTIONIST 1(F)

Salary Negotiable

Must have experience in related fildes in 2 years.
Must be proficient in Microsoft World, Excel, PowerPoint Photoshop, should be fluent in English & Nepali fast typing .
Salary will be negotiable .

Nepal Life Recrutiment Agency Pvt. Ltd.
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com

## Vacancy Annoucement

One of the Leading recruitment agency is seeking for following applicants.

Receptionist : 1 (Female)
Documentation : 1 (Male/Female)

Salary Negotiable

- कम्प्यूटरमा अनुभवी ।
- अंग्रेजी/नेपाली टाइपिङ गर्न सक्ने ।
- न्यूनतम योग्यता BBS Pass गरेको हुनुपर्ने ।
- अफिस समय १०:०० बजे देखि ५:०० बजे सम्म ।
- डकुमेन्टेसन गर्न सक्ने ।

AVIOSUPPORT HUMAN RESOURCES PVT.LTD.
Ratopool Ghaushala, Kathmandu, Tel.: 01-5914474, 9802075100
Email: info@aviosupporthr.com, Web: www.aviosupporthr.com

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: ENGINEERING UNIT GEN CONTRACTING — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०८ — चलानी नं.: ६०२१३५९० — L.T. No.: 298635

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Ductman | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Civil Foreman | 5 | 0 | | 2500 | ९०,२५० | | | | | | | |
| 3. | Electrician | 5 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 4. | Mason | 20 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 5. | Plumber | 5 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 6. | Shuttering Carpenter | 15 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 7. | Steel Fixer | 10 | 0 | | 1200 | ४३,३२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १७ र १८ गते (31 Jan & 1 Feb 2024) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, सुनसरीमा २०८० माघ १७ र १८ गते (31 Jan & 1 Feb 2024) मा हुनेछ ।
अन्तर्वार्ता पिआइटि ट्रेनिङ सेन्टर, धनुषामा २०८० माघ १७ र १८ गते (31 Jan & 1 Feb 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Itahari : 9816368105 | 9810591900, Janakpur: 9801046354 | 9801046355
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
| like us on facebook.com/naukri.nepal


## Belaka Municipality
## Office of Municipal Executive
**Rampur, Udayapur**
**Koshi Province, Nepal**

### Invitation for Bids

**First Date of Publication: January 24, 2024 (2080.10.10)**

1. Belaka Municipality, Rampur Udayapur invites electronic bids from eligible bidders for the following construction works.

| S. N. | Contract Identification Number | Description of Work/Goods | Estimated cost inclusive of VAT & PS | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 04/BELAKA/ SQ/W/ 2080-081 | Construction of Compound wall and Truss shed at Belaka Municipality ward No:-2, Bhagalpur | 19,38,852.82 | 50,000.00 | 1,000.00 | Sealed Quotation |
| 2 | 05/BELAKA/ SQ/W/ 2080-081 | Construction of Compound wall at Belaka Municipality Ward No:-3,4 and 6 | 19,22,965.48 | 50,000.00 | 1,000.00 | Sealed Quotation |
| 3 | 06/BELAKA/ SQ/W/ 2080-081 | Construction and Upgrading of Playground at Belaka Municipality Ward No:-5 & 8 | 19,32,966.73 | 50,000.00 | 1,000.00 | Sealed Quotation |
| 4 | 07/BELAKA/ NCB/W/ 2080-081 | Construction and Upgrading of Lalbazar-Ghareghat Road | 1,89,33,722.47 | 4,75,000.00 | 3,000.00 | NCB |

2. Date, time and place of bid submission and opening.

| | |
|---|---|
| Deadline for bid submission | 1. February 08, 2024 (2080.10.26) till 12:00 hours for Contract Identification no. 04/BELAKA/SQ/W/2080-081 & 05/BELAKA/SQ/W/2080-081 and 06/BELAKA/SQ/W/2080-081<br>2. February 23, 2024 (2080.11.11) till 12:00 hours for Contract Identification no. 07/BELAKA/NCB/W/2080-081 |
| Date, time and place of bid opening | 1. February 08, 2024 (2080.10.26) at 13:00 hours at Belaka Municipality, Rampur, Udayapur for for Contract Identification no. 04/BELAKA/SQ/W/2080-081 & 05/BELAKA/SQ/W/2080-081 and 06/BELAKA/SQ/W/2080-081<br>2. February 23, 2024 (2080.11.11) 13:00 hours at Belaka Municipality, Rampur, Udayapur for Contract Identification no. 07/BELAKA/NCB/W/2080-081 |
| 1. Bank Account details for bid document fee | System Account Name: Belaka Na.Pa- Antarik Rajashwa Khata Ga 1.1<br>Account no.: 0770040274200007<br>Name of Bank: Kumari Bank Limited, Belaka Branch<br>Rajaswa (revenue) Shirshak no: 14219 |
| Account details for bid security amount | System Account Name: Belaka Na. Pa- Dharauti Khata Ga-3<br>Account no.: 0770040274200004<br>Name of Bank: Kumari Bank Limited, Belaka Branch |

3. Interested eligible bidders may obtain further information from Belaka Municipality, Rampur, Udayapur at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/.
4. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
5. Belaka Municipality, Office of Municipal Executive, Rampur, Udayapur reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**




मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१० माघ २०८०, बुधबार
24 January 2024, Wednesday

सम्पादकीय

## सतहमा अराजनीतिक दृष्यहरू

पूर्व पञ्चहरूको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आगामी फागुनदेखि राजधानी केन्द्रीत आन्दोलनको तयारी गरिरहेको छ । पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले मंगलबार पत्रकारहरूलाई राजधानी केन्द्रीत आन्दोलनबारे जानकारी दिएका थिए । उनले दिएको जानकारी अनुसार, फागुन पहिलो साता प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई मागपत्र बुझाइनेछ । तर त्यो मागपत्रको सम्बोधन सरकारले गर्न सक्ने छैन । किनकि राजसंस्था फर्काउनुपर्ने, हिन्दू राष्ट्र कायम गरिनुपर्ने जस्ता व्यवस्था उल्ट्याउने माग सरकारले पूरा गर्नेछैनन् । अर्थात् सरकारबाट पूरा नहुने मागपत्र राप्रपाले बुझाउने तयारी गरेको छ । त्यो भनेको २०५२ फागुन १ मा तत्कालीन नेकपा माओवादीले सरकारसँग राखेको ४० बुँदे मागपत्रलाई सम्झाउनेगरी राप्रपा अगाडि बढ्ने मनसायमा छ ।

त्यसबेला माओवादीले संविधान अन्तर्गत रहेरै कतिपय मागहरू तत्कालीन व्यवस्थाले सम्बोधन गर्न नसक्नेगरी अगाडि बढाएको थियो । नभन्दै आफैले दिएको अल्टिमेटमको समय नआउँदै माओवादीले सशस्त्र विद्रोह घोषणा गर्‍यो । दश वर्षसम्म गृहयुद्ध चल्यो । भलै त्यही गृहयुद्धको जग अनि दोस्रो जनआन्दोलनको जगमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना भएको छ । तर संविधानले सुरक्षित गरेको त्यही व्यवस्था राप्रपालाई भारी भएको छ । राजधानी केन्द्रीत आन्दोलनबाट व्यवस्था उल्ट्याउने चेतावनी राप्रपाका कतिपय नेताहरूले दिइरहेका छन् । अर्कातिर नागरिकको हैसियतमा रहेका पूर्वराजा ज्ञानेन्द्र शाहको समेत गतिविधि बढेको छ । गत वर्षदेखि सार्वजनिक समारोहमा देखिन थालेका ज्ञानेन्द्र स-परिवार देश दौडाहामा छन् । तिनै ज्ञानेन्द्र शाहसँग बाक्लो भेटघाट सहित राप्रपाले व्यवस्था उल्ट्याउने चेतावनी दिइरहेको छ ।

व्यवस्था उल्ट्याउने ज्ञानेन्द्र र राप्रपाको अभियानमा विवादित व्यवसायी दुर्गा प्रसाईँहरू समेत जोडिएका छन् । विवादित र उत्तेजित अभिव्यक्ति दिएर चर्चामा आइरहने प्रसाई व्यवस्था र नेतृत्वप्रति गालीगलौजमै देखिन्छन् । संविधानले मुलुकको सार्वभौमसत्ता नागरिकमा निहीत गरेकाले यी शक्तिहरूलाई राजनीतिक गतिविधिदेखि अभिव्यक्ति स्वतन्त्रतामा पूर्णतः अधिकार छ । उनीहरूको चाहनामा जनता सहमत भए व्यवस्था समेत उल्टिन सक्छ । किनकि मुलुकका निम्ति नागरिक सर्वोच्च संस्था हो, उनीहरूकै निर्णय बमोजिम मुलुक चल्नुपर्छ । तर अहिले जस्तो गतिविधि र अभिव्यक्ति प्रकट भइरहेको छ, त्यो कसैको नियन्त्रणमा नरहने खतरा पनि देखिन्छ । संस्थापनतर्फका नेताहरूले भनेजस्तै नभएपनि एक हदसम्म अराजक अभियान चलिरहेको पुष्टि हुने अनेक घटना भइरहेका छन् । तर राजनीतिक परिवर्तन नागरिकको सचेतनापूर्ण माग र एजेण्डाले मात्रै संभव छ भन्ने कसैले पनि बिर्सन हुन्न । अराजकताले निम्त्याउने दुर्घटनाले मुलुकलाई सही दिशामा हिडाउन सक्दैन ।

# नयाँको खोजी

अग्रलेख



● निमा काफ्ले

स्वीजरल्याण्डको डाबोसमा वर्ल्ड इकोनोमी फोरमको ५४औं वार्षिक सम्मेलन भर्खरै सम्पन्न भएको छ । क्लाउस स्वाबको एलिट क्लब मानिने यो फोरममा पछिल्लो केही वर्षहरूमा थोरै नेपालीहरूको उपस्थिति रहेको थियो । सन् २०२४ को आर्थिक र राजनीतिक एजेण्डा तय गर्न डाबोस यो पटक सफल होला या नहोला त्यो समयले बताउने छ । तर, त्यहाँ देखिएका केही अप्रत्यासित परिदृश्यले यो फोरमको परम्परागत र बर्चश्वशाली कोरियोग्राफीलाई भने भत्काइदिएको छ । यही सम्मेलनकै बीचमा फ्रान्सबाट अर्को सुखद समाचार आएको छ, प्रधानमन्त्रीकारूपमा गाब्रियल अटलको नियुक्ति, त्यो पनि फ्रान्सकै कान्छो र पहिलो समलिङ्गीको रूपमा । यो खबर यतिखेर विश्वभरिका यौनिक अल्पसंख्यकहरूको लागि गर्व गर्न लायक विषय बनेको छ ।

यस्ता धेरै कोणबाट सन् २०२४ रोचक बन्ने देखिन्छ । विश्वभरिमा सबैभन्दा बढी देशमा निर्वाचन हुने यो वर्ष अमेरिकामा डोनाल्ड ट्रम्पको पुनरागमनको चर्चा सबैभन्दा बढी हुने अनुमान गर्न सकिन्छ । यता भारतको उत्तर प्रदेशको अयोध्यामा राम मन्दिरको उद्घाटन धार्मिकभन्दा राजनीतिक सेन्टर स्टेजमा बन्दै गर्दा नरेन्द्र मोदीको उदयलाई २०२४ ले नवीकरण गर्ने निश्चित प्रायः देखिन्छ । गाब्रीयल, ट्रम्प अथवा मोदीको चर्चा गर्दै गर्दा विभिन्न दृष्टिकोणबाट विश्लेषण गरिरहँदा नेपाली समाजमा नयाँ पुस्ताका लागि भने हामीले के उदाहरण प्रस्तुत गरिरहेका छौं, थोरै चर्चा गरौं ।

हामी सबैले बुझेको कुरो के हो भने प्राकृतिक हिसाबले हरेक वस्तु, व्यक्ति वा विषयको उत्पत्ति, विकास र हस्तान्तरणको एउटा प्रक्रिया हुन्छ । अझ भनौं चक्र हुन्छ । सन् २०२४ सम्म आएको यस्ता विषयवस्तुहरू नियाल्दा यो नियमित र स्वभाविक देखिन्छ । यसलाई प्राकृतिक सिद्धान्तको रूपमा लिन सकिन्छ । अझ समाज विकासका सन्दर्भमा कुरा गर्नुपर्दा सामाजिक प्रणालीको निर्माण विकास र हस्तान्तरणमा नेतृत्वको सन्दर्भ पनि प्राकृतिक रूपमै श्रृंखलाबद्ध भएको हुन्छ । यहाँ चर्चा नेपालको थोरै सामाजिक परिवेशको गरौं । अहिले सामुदायिक निकायहरू वा सरकारी, गैरसरकारी संघसंस्था वा राजनीतिक दलहरू सबैतिर निर्वाचनका प्रक्रियाहरूमार्फत नेतृत्व चयन भइरहेको देखिन्छ । यस प्रकृयाको आफ्ना विधि विधान, कार्यकाल, कार्यपद्धति वा प्रक्रियाहरूका आफ्नै सीमा हुन्छन् । यी सबै पक्षहरू समयअनुसार अद्यावधिक, परिमार्जित र समयानुकूल बनाउन खोजिएको हुन्छ । तर, हामी आबद्ध संघसंस्थाहरू, पेशागत वा आस्थाका हिसाबले जोडिएका संगठनहरू अध्ययन गर्ने हो भने पनि एउटा यस्तो स्वरूप हाम्रा अगाडि देखिन्छ कि अघिल्लो नेतृत्वकै छायाँमा नयाँ नेतृत्व अल्मलिइरहेको छ ।

संघसंस्थाहरूमा नेतृत्वका सन्दर्भमा लिएर जुन किसिमको निराशाहरू अहिले देखिन्छ, त्यसको एउटा कारण पुस्तान्तरणको सवाल र नेतृत्व विकास र हस्तान्तरणमा देखिएको गतिरोध नै हो । हरेक ठाउँमा सिकाइ र विज्ञताका क्षमताका आधारमा भन्दा नेतृत्वको पुस्ताका आधारमा मोर्चाबन्दी भइरहेको देखिन्छ । नयाँ पुस्ताले कुनै नवीनतम् ज्ञान वा सिकाइका आधारमा अवधारणा वा योजनाहरू अगाडि सारेको खण्डमा पुरानाले अपमानित महसुस गर्ने वा आफूलाई बाहिर राख्न खोजेको महसुस गर्ने खालको अवस्था छ भने पुरानाहरूले आफ्नै समयका विधिहरू, तौरतरिका र इतिहास सुनाउँदा नयाँले समयअनुसार हिँड्न नसकेको महसुस गर्ने अवस्थाहरू निर्माण भइरहेको छ । यसरी हेर्दा, नयाँले अग्रजको इतिहास र सिकाइलाई पनि नस्वीकारेको अनि पुरानाले नयाँको नवीनतम् ज्ञान र प्रविधिसहितको क्षमतालाई पनि नस्वीकारेको स्पष्टै देखिन्छ ।

यस्ता संघसंस्थाको नेतृत्वमा पितृसत्तात्मक सोचले काम गरेको देखिन्छ । यो सोचमा संस्थागत संस्कार, काम गर्ने क्षमता, सोच, बल, सक्रियता आदिका आधारमा बलियोले निर्धोलाई दबाइरहेको छ । अझ भनौं यही सोंचका उपज पुरुषहरूबाट महिलाहरू धेरै हिसाबले दबित छन् । उत्पीडित र प्रभावित छन् । अझ नेतृत्व विकासका उल्लेखित समस्याहरू महिलाहरूले सञ्चालन गर्ने अभियानहरूमा देखिएको पाइन्छ । पुरुषले नेतृत्व गरेका संस्थाहरूमा पुस्ताका आधारमा कार्यशैलीमा समस्या सिर्जना भए विद्रोह वा विभाजनकै अवस्था निर्माण पनि भएका छन् तर, महिलाहरूले सञ्चालन गरेका संस्थाहरूमा पुस्ताका प्रभावले संस्थाहरू काम गर्न न विघटन हुनुको अवस्थामा छन् । विभाजन वा विघटन हुन पनि नसक्ने र सिर्जनशील हुन पनि नसक्ने अवस्थामा अल्झिरहेको अवस्था छ ।



*नयाँ पुस्ताले भोगेका समस्या, प्राप्त गरेका ज्ञान र उपलब्धिहरूलाई किन संस्थागत गर्न सकिएको छैन ? किन सिङ्गै आन्दोलनले यो नयाँ सोचलाई स्वामित्व ग्रहण गर्न सकेको छैन ? के आजका राजनीतिक मुद्दाहरू भिन्न ढंगले उठ्दै राजनीतिको मूल प्रभाहमा स्थापित भए त ? यो गम्भीर प्रश्न छ ।*

